## १ प्रस्तावित संगठनात्मक कार्यविभाजन

### १.१ द्वन्द्व व्यवस्थापन महाशाखा

१. द्वन्द्व व्यवस्थापनसम्बन्धी अध्ययन, विश्लेषण गर्ने तथा द्वन्द्व व्यवस्थापन नीति तयार गर्ने र सो नीति अन्तर्गत रही मन्त्रालयहरुको लागि द्वन्द्व व्यवस्थापनसम्बन्धी क्षेत्रगत राष्ट्रिय नीति तयार गर्न सहयोग गर्ने र नीति कार्यान्वयनको अनुगमन गर्ने,

२. द्वन्द्वका प्रभावहरुको तथ्यांक संकलन तथा बिश्लेषण गरी द्वन्द्वका प्रभावहरु न्यूनिकरण गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

३. द्वन्द्वरत पक्षहरुसंग शान्ति वार्ता सञ्चालनमा वार्ताटोली वा वार्ताकारलाई सहयोग तथा समन्वय गर्ने,

४. शान्ति वार्ताको तयारी, वार्ताका रणनीति कार्यनीति तथा कार्ययोजना तयार गर्ने,

५. मुलुकको द्वन्द्व व्यवस्थापन गर्न शान्ति वार्ता तथा सम्झौताका लागि सम्बद्ध पक्षहरुसंग सम्पर्क गर्ने,

६. द्वन्द्व व्यवस्थापन तथा शान्ति वार्ताका लागि राजनैतिक दलहरु, सम्बन्धित विज्ञहरु, गैरसरकारी क्षेत्र तथा नागरिक समाजको सहयोग र समर्थन जुटाउने,

७. शान्ति वार्ता प्रकृयाको व्यवस्थापन कार्य गर्ने,

८. शान्ति वार्ता प्रकृया र वार्ता कार्यको अभिलेख राख्ने,

९. बिस्तृत शान्ति सम्झौता लगायत अन्य सम्झौता सहमति, निर्णयको कार्यान्वयनको अनुगमन र मूल्यांकन गर्ने,

१०. मुलुकमा दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत एवं प्रक्रियागत संयन्त्रहरुको पहिचान, गठन एवं परिचालन सम्बन्धी कार्य गर्ने,

११. द्वन्द्व व्यवस्थापन तथा शान्ति सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय सभा, सम्मेलन एवं गोष्ठि सम्बन्धी कार्य गर्ने,

१२. द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण गरी दीगो शान्ति कायम गर्न आदिबासी जनजाति, दलित, मधेशी, महिला, अपाङ्ग, पिछडिएको वर्ग समुदाय र क्षेत्रको समावेशीकरण र मूलप्रवाहिकरण नीति तयार गरी मन्त्रालयलाई उपलब्ध गराउने,

१३. अन्य सरकारी निकायहरुबाट तर्जुमा हुने नीति कार्यक्रमहरुलाई समेत द्वन्द्व संवेदनशीलता समेतको आधारमा तर्जुमा गर्ने वातावरण सिर्जना गर्ने,

१४. द्वन्द्व पिडित क्षेत्रमा आर्थिक तथा सामाजिक विकासको नीति रणनीति तर्जुमा गर्ने,

१५. मातहतका शाखाहरुको तोकिएबमोजिमको प्रशासनिक कार्यहरु गर्ने,

१६. मुलुकमा विद्यमान द्वन्द्वका कारणहरुको पहिचान गरी ती कारणहरुको न्यूनिकरणका लागि आवश्यक नीति तर्जुमा गर्ने,

१७. द्वन्द्व व्यवस्थापन तथा शन्ति प्रकृयाका बिभिन्न बिषयहरुमा नागरिक समाज तथा उक्त क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको परिचालन तथा समन्वय सम्बन्धी कार्य गर्ने,

१८. शान्ति प्रकृया र द्वन्द्वको संक्रमणकालिन व्यवस्थापन

१९. शान्ति प्रकृया तथा द्वन्द्व व्यवस्थापनसंग सम्बन्धित सरकारी तथा गैरसरकारी अन्तर्राष्ट्रिय संघ सस्थासंग सम्पर्क गर्ने,

२०. बारुदी सुरुङ व्यवस्थापन (Mine Action) का लागि आवश्यक नीतिगत, संरचनागत तथा प्रक्रियागत व्यवस्था मिलाउने ।

२१. बारुदी सुरुङ तथा युद्धकालीन विष्फोटक अवशेषहरु हटाउने, यस्ता विष्फोटक पदार्थबाट आम जनतालाई हुने खतराबारे उनीहरुलाई जानकारी गराउने तथा यस्ता विष्फोटक पदार्थबाट घाइते वा अपाङ्ग भएका व्यक्तिहरुलाई आवश्यक सहयोग पुऱ्याउने सम्बन्धमा आवश्यक कार्यहरु गर्ने ।

२२. बारुदी सुरुङ व्यवस्थापन सूचना प्रणाली स्थापना तथा संचालनको व्यवस्था गर्ने ।

२३. बारुदी सुरुङ व्यवस्थापनका लागि आवश्यक जनशक्ति विकासका लागि आवश्यक व्यवस्था मिलाउने ।

२४. बारुदी सुरुङ व्यवस्थापनका लागि नेपाल सरकारद्वारा गठित वा गठन हुने निर्देशक समिति, प्राविधिक समिति वा यस प्रकारका निकायहरुसँग समन्वय गर्ने, ती निकायहरुको काममा सहयोग गर्ने तथा तत्सम्बन्धमा भएका व्यवस्था अनुसार तोकिएका कार्यहरु गर्ने ।

२५. नेपाल सरकारका अन्य निकायसँग बारुदी सुरुङ व्यवस्थापन सम्बन्धमा समन्वय गर्ने ।

२६. बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु बारे सम्पर्क, समन्वय तथा तत्सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

२७. बारुदी सुरुङ व्यवस्थापनको कार्यमा संलग्न विभिन्न सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय गर्ने ।

२८. बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी कामको लागि रणनीति, बजेट, कार्यक्रम, आवधिक कार्ययोजनाहरु बनाई स्वीकृत गराउने तथा कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउने ।

२९. बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुको अनुगमन, मूल्यांकन तथा प्रतिवेदनसम्बन्धी कार्य गर्ने ।

### १.१.१ द्वन्द्व विश्लेषण तथा नीति निर्माण शाखा

१. द्वन्द्वका ऐतिहासिक, संरचनागत र अन्य कारणहरुको अध्ययन, विश्लेषण एवं समीक्षा गर्ने,

२. दिगो शान्तिको प्रवर्द्धन गर्ने सन्दर्भमा आर्थिक, राजनैतिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रको अध्ययन तथा विश्लेषण गर्ने,

३. विभिन्न आदिवासी जनजाति, मधेशी, महिला, दलित, अपाङ्ग, बालबालिका, उपेक्षित तथा उत्पिडित वर्ग र समुदायको विद्यमान अवस्था, ती समुदायमा परेको द्वन्द्वको प्रभाव र शान्ति प्रकृयामा पर्ने प्रभावको अध्ययन विश्लेषण गर्ने,

४. बिभिन्न मुलुकहरुमा भएका हिंसात्मक बिद्रोह एवं तिनको समाधानका लागि भएका प्रयास र परिणामको अध्ययन विश्लेषण गर्ने,

५. द्वन्द्व प्रभावित क्षेत्रको सामाजिक, आर्थिक बिकासको रणनीति तर्जुमा गर्ने,

६. अन्य सरकारी निकायहरुबाट तर्जुमा गर्ने नीति कार्यक्रमहरुमा द्वन्द्व संवेदनशीलता अपनाउन छलफल कार्यक्रम, सेमिनार, गोष्ठी आयोजना गर्ने,

७. द्वन्द्वका मूलकारणहरुको निवारणसम्बन्धी कार्यक्रम संचालन गर्ने,

८. मातहतका कर्मचारीहरुको तोकिएबमोजिमको प्रशासनिक कार्यहरु गर्ने ।

### १.१.२ शान्ति प्रक्रिया समन्वय तथा अनुगमन शाखा

१. शान्ति वार्ताको लागि राजनीतिक दल, विज्ञ तथा नागरिक समाजको राय सल्लाह सहयोग र समर्थन प्राप्त गर्ने,

२. शान्ति वार्ताको तयारी, वार्ताको कार्यनीति, रणनीति तथा कार्ययोजना तयार गर्ने,

३. शान्ति वार्ता गर्नु पर्ने पक्षहरुसंगको सम्पर्क सूत्र पहिचान गरी वार्ता गर्नु पर्ने पक्षहरुसंग सम्पर्क कायम गर्ने,

४. शान्ति वार्ता प्रकृयाको व्यवस्थापनमा सहयोग गर्ने,

५. शान्ति प्रकृयासम्बन्धी सहमति, समझदारी तथा सम्झौताको मस्यौदा तयार गर्ने,

६. शान्ति प्रकृया र वार्तामा भए गरेका कार्यको अभिलेख राख्ने,

७. विस्तृत शान्ति सम्झौता एवं राष्ट्रियस्तरमा भएका अन्य सम्झौता, सहमति, समझदारी तथा निर्णयहरुको कार्यान्वयनको अनुगमन गर्ने । सो सम्बन्धमा अन्य मन्त्रालय, निकायहरुसँग समन्वय गरी त्रैमासिक प्रतिवेदन गर्ने,

८. मातहतका कर्मचारीको तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

### १.१.३ बारुदी सुरुङ व्यवस्थापन शाखा

१. बारुदी सुरुङ व्यवस्थापन (Mine Action) का लागि आवश्यक नीतिगत, संरचनागत तथा प्रक्रियागत व्यवस्था गर्न आवश्यक तयारी कार्यहरु गर्ने ।

२. बारुदी सुरुङ (ल्याण्डमाइन) तथा युद्धकालीन विष्फोटक अवशेषहरु (एक्सप्लोसिभ रेमनान्ट्स् अफ वार) को व्यवस्थापन, यस्ता विष्फोटक पदार्थबाट हुने जोखिमबारे शिक्षा तथा प्रचार प्रसार, यस्ता पदार्थबाट पीडितहरुलाई सहायता पुऱ्याउने सम्बन्धमा आवश्यक कार्यहरु गर्ने ।

३. अन्तर्राष्ट्रिय मापदण्डका आधारमा बारुदी सुरुङ व्यवस्थापनसम्बन्धी काम गर्ने राष्ट्रिय संघसंस्थाहरुलाई मान्यता प्रदान गर्न आवश्यक मापदण्डहरु तयार प्रदान गर्ने, यस्ता संस्थाहरुको अभिलेख राख्ने एवं नवीकरणसम्बन्धी काम गर्ने ।

४. बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी कार्यहरुको गुणस्तर नियन्त्रणसम्बन्धी मापदण्डहरु तयार गर्ने तथा सो बमोजिम कार्यान्वयन गर्ने गराउने ।

५. बारुदी सुरुङबाट व्यवस्थापनका लागि नेपाल सरकारद्वारा गठित वा गठन हुने निर्देशक समिति, प्राविधिक समिति वा यस प्रकारका निकायहरुसंग समन्वय गर्ने, ती निकायहरुको काममा सहयोग पुऱ्याउने तथा त्यस्त निकायहरुको गठन हुँदा मन्त्रालयले गर्नुपर्ने भनी तोकिएका कामहरु सम्पादन गर्न सहयोग पुऱ्याउने ।

६. बारुदी सुरुङ व्यवस्थापनसम्बन्धी कामको सन्दर्भमा नेपाल सरकारका अन्य निकाय तथा विभिन्न गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय गर्ने ।

७. बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु बारे सम्पर्क, समन्वय तथा तत्सम्बन्धी अभिलेख व्यवस्थापनको कार्य गर्ने ।

८. बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी कामको लागि रणनीति, बजेट, कार्यक्रम, आवधिक कार्ययोजनाहरु बनाई स्वीकृतको लागि पेश गर्ने, सो को कार्यान्वयन गराउने गर्ने तथा अनुगमन, मूल्यांकन तथा प्रतिवेदनसम्बन्धी कार्य गर्ने ।

## १.२ **प्रशासन, योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा**

१. मन्त्रालयको प्रशासनिक, सांगठनिक तथा आर्थिक प्रशासन सम्बन्धी संपूर्ण कार्यहरु गर्ने,

२. द्वन्द्व संवेदनशील योजना र द्वन्द्व संवेदनशील बजेट तर्जुमा गर्न राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य केन्द्रीय निकायहरुसँग समन्वय गर्ने,

३. शान्ति निर्माण तथा द्वन्द्व व्यवस्थापन सम्बन्धमा विभिन्न मन्त्रालय एवं निकायहरुका शान्ति सम्पर्क व्यक्ति/विन्दु (Peace Focal Persons\Points) सँग समन्वय गर्ने र उनिहरुको क्षमता विकास सम्बन्धी कार्य गर्ने,

४. द्वन्द्व व्यवस्थापन तथा शान्ति सम्बन्धी विषयका दक्ष जनशक्ति तथा मानव श्रोत विकास सम्बन्धी कार्यहरु गर्ने,

५. आवधिक योजनाद्वारा परिलक्षित विकास तथा सामाजिक शान्तिका उद्देश्य परिपूर्तिका लागि आवधिक योजना, राष्ट्रिय विकास कार्यक्रम र शान्ति प्रवर्द्धनका कार्यक्रमबीच अन्तरमन्त्रालय समन्वय गर्ने, गराउने,

६. मन्त्रालयको सम्पर्क बिन्दु तथा प्रवक्ताको रुपमा कार्य गर्ने,

७. द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणका लागि आदिवासी-जनजाति, दलित, महिला, अपांग, उपेक्षित तथा उत्पीडित वर्ग र समुदाय लक्षित र द्वन्द्व सम्वेदनशील समावेशीकरण, सबलीकरण र मूलप्रवाहीकरणका लागि योजना तथा कार्यक्रम तर्जुमा एवं संचालनमा अन्तरमहाशाखा तथा अन्तर मन्त्रालय समन्वय गर्ने,

८. मन्त्रालयबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको आवधिक समीक्षा र नियमित अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य गर्ने,

९. शान्ति संयन्त्रहरुको सञ्चालनमा जनशक्ति एवं अन्य स्रोत साधनको व्यवस्थापन गर्ने,

१०. मन्त्रालय र अन्तर्गत निकायको लागि वार्षिक कार्यक्रम र बजेटको तर्जुमा एवं कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत बजेटको निकासा, बाँडफाँड तथा परिचालन गर्ने,

११. मन्त्रालयको क्षमता विकास तथा शान्ति प्रक्रियाको सुदृढीकरणका सन्दर्भमा प्राप्त हुने द्विपक्षीय एवं बहुपक्षीय सहयोगको परिचालन गर्ने,

१२. मन्त्रालयबाट संचालन हुने योजना तथा कार्यक्रमहरुमा द्वन्द्व निरोधात्मक (Conflict Preventive) र द्वन्द्व संवेदनशील (Conflict Sensitive) पद्धति समाहित गर्न अन्तर महाशाखा एवं अन्तर्गत विभाग तथा आयोजनाहरुसँग समन्वय गर्ने,

१३. अन्य महाशाखाहरुमा किटानी व्यवस्था भएको बाहेकका अन्य कार्यहरु गर्ने गराउने ।

१.२.१ *प्रशासन शाखा*

१. मन्त्रालयको कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

२. नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव सम्बन्धी कार्य गर्ने,

३. मन्त्रालय र अन्तर्गत सञ्चालित आयोजनाहरुको दरबन्दी तथा पदपूर्ति सम्बन्धी कार्य गर्ने,

४. मन्त्रालय र अन्तर्गतका विभाग, इकाई तथा आयोजनाका लागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,

५. वार्ता, सम्झौता र शान्ति प्रक्रिया सम्बन्धमा मन्त्रालयको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न स्वदेश तथा विदेशमा तालिम, पुनर्ताजगी तालिम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालिमहरुको व्यवस्था गर्ने,

६. विभिन्न मन्त्रालय एवं निकाय स्थित शान्ति सम्पर्क व्यक्ति/बिन्दु (Peace Focal Persons\Points) हरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

७. मन्त्रालयको लागि जिन्सी सामानहरुको खरिद, संचय तथा उपयोगको व्यवस्था गर्ने,

८. मन्त्रालयको सरकारी सम्पत्तिको लगत राख्ने, संरक्षण र मर्मत सम्भार गर्ने, गराउने,

९. मन्त्रालयको विभिन्न शाखाहरुबीच समन्वय सम्बन्धी कार्य गर्ने,

१०. शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,

११. शाखागत कामको आवधिक प्रगति प्रतिवेदन तयार गर्ने, गराउने,

१२. मन्त्रालयको दैनिक प्रशासनिक कार्य गर्ने ।

१.२.२ *योजना तथा कार्यक्रम समन्वय शाखा*

१. मन्त्रालयको लागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,

२. आवधिक योजनाद्वारा परिलक्षित विकास तथा सामाजिक शान्तिको उद्देश्य परिपूर्तिको लागि राष्ट्रिय विकास कार्यक्रम र शान्ति प्रवर्द्धनका कार्यक्रमबीच एकीकरणको प्रयास गर्ने,

३. नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम वक्तव्यको लागि मन्त्रालयकोतर्फबाट पठाईने नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने,

४. योजना तथा कार्यक्रम तर्जुमा एवं सञ्चालनमा द्वन्द्व निरोधात्मक उपाय र द्वन्द्व सम्वेदनशील पद्धति अवलम्वन गर्ने,

५. विभिन्न मन्त्रालयहरुबाट संचालन हुने कार्यक्रमहरुमा दीगो शान्ति र विकासलाई मूल प्रवाहीकरण गर्न शान्ति सम्पर्क व्यक्ति/बिन्दु (Peace Focal Persons\Points) हरुसँग समन्वयको कार्य गर्ने,

६. द्वन्द्व व्यवस्थापन तथा शान्ति प्रक्रियाका विभिन्न कार्यक्रमहरुको विषयमा अन्तरमन्त्रालय समन्वय सम्बन्धी कार्य गर्ने,

७. शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने,

८. शाखागत कार्यसम्पादनको आवधिक प्रगति प्रतिवेदन तयार गर्ने ।

### १.२.३ *आर्थिक प्रशासन शाखा*

१. मन्त्रालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

२. मन्त्रालयको वार्षिक योजना तथा कार्यक्रम अनुरुप वार्षिक बजेट बनाउने र निकासा लिने,

३. खाता सञ्चालन गर्ने,

४. निकासा र आम्दानी प्राप्त गर्ने तथा बजेट खर्च गर्ने व्यवस्था मिलाउने,

५. मन्त्रालय अन्तर्गत संचालित विभिन्न आयोजनाहरुको लागि अख्तियारी तथा स्वीकृत रकम निकासा पठाउने कार्य,

६. मन्त्रालय र अन्तर्गत निकायहरुको केन्द्रीय र कार्य सञ्चालनस्तरको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

७. तोकिए बमोजिमको लेखा राख्ने र नियमित प्रतिवेदन गर्ने,

८. मन्त्रालयको आर्थिक कारोवारको सम्बन्धमा राय परामर्श दिने,

९. आम्दानी तथा खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,

१०. बेरुजुको लगत राखी फछ्र्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।

११. स्वीकृत कार्यक्रमहरुको लागि तोकिएको बजेट कुनै शिर्षकमा नपुग भएमा वचत हुने शिर्षकबाट नियमानुसार रकमान्तर गर्न पेश गर्ने,

१२. वार्षिक आर्थिक विवरण तयार गर्ने,

१३. मन्त्रालयमा प्राप्त हुने राजश्व वा सरकारी रकम बैंक दाखिला गर्ने, सोको लेखा राख्ने, फाँटवारी पेश गर्ने र लेखा परीक्षण गराउने,

१४. धरौटीको लेखा राख्ने,

१५. कानून बमोजिम असूल उपर गर्नुपर्ने सरकारी नगदी, जिन्सी असूल उपर सम्बन्धी कार्य गर्ने,

१६. स्वीकृत कार्यक्रमको लागि तोकिएको बजेट रकम कार्यान्वयन गर्ने निकायमा निकासा पठाउने ।

### १.२.४ ***वैदेशिक सहयोग समन्वय शाखा***

१. शान्ति प्रक्रियाको सुदृढीकरणका सन्दर्भमा बैदेशिक सहायताको लागि प्राथमिकताका क्षेत्रहरुको पहिचान गर्ने,

२. शान्ति, पुनःस्थापन, पुनर्निर्माणका साथै मन्त्रालयको क्षमता विकासकाक्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने सम्बन्धमा परियोजना प्रस्तावहरु तयार गर्ने,

३. द्विपक्षीय र बहुपक्षीय सहयोग जुटाउन अन्तर्राष्ट्रिय दातृ समुदाय एवं अर्थ मन्त्रालयसँग समन्वय गर्ने कार्यमा सहयोग गर्ने,

४. बैदेशिक सहायता सम्बन्धी समझदारी पत्रको मस्यौदाहरु तयार गरी पेश गर्ने,

५. बैदेशिक सहायता प्राप्तिका लागि कार्य योजनाहरुको तर्जुमा गरी पेश गर्ने,

६. बैदेशिक सहायताबाट संचालित कार्यक्रमहरुको आवधिक प्रगति विवरणहरु सम्बन्धित निकायमा पठाउने,

७. दातृ संस्था तथा निकायहरु र तीनबाट संचालित आयोजनाहरुको विवरण अद्यावधिक गर्ने,

८. परियोजनाको विश्लेषण, पहिचान, मूल्यांकन, छनौट र कार्यान्वयनका क्षेत्रमा क्षमता विकासका लागि कार्यक्रम र कार्ययोजना बनाउने ।

### १.२.५ *अनुगमन तथा मुल्यांकन शाखा*

१. मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरुको नियमित अनुगमन गर्ने, गराउने,

२. मन्त्रालयका योजना तथा कार्यक्रमहरुको आवधिक रुपमा मूल्यांकन तथा समीक्षा गराउने,

३. मन्त्रालयबाट सम्पादन भएका कार्यहरुको नियमित र आवधिक प्रतिवेदन तयार गर्ने,

४. द्वन्द्वोत्तर पुनःस्थापन र पुनर्निर्माण सम्बन्धी सम्पन्न भइसकेका आयोजना एवं कार्यक्रमहरुको प्रभावको अध्ययन, बिश्लेषण एवं मूल्यांकन गर्ने गराउने,

५. महाशाखाहरुको कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनका सूचकहरु तयार गर्ने र तिनको निरन्तर परिमार्जन गर्ने,

## १.३ पुर्वाधार पूनर्निर्माण महाशाखाको कार्यविवरण

१. द्वन्द्वका क्रममा क्षति भएका भौतिक एवं सामाजिक पूर्वाधार पुनर्निर्माण सम्बन्धि तत्कालिन तथा दीर्घकालिन नीति, रणनीति एवं कार्यविधि तयार गर्ने गराउने ।

२. द्वन्द्वका कारणबाट क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माण तथा पुनःस्थापन योजनाहरुको कार्यान्वयन तथा समन्वय गर्ने तथा गराउने ।

३. पुनर्निर्माण सम्बन्धी तथ्यांक विश्लेषण गरी अध्यावधिक गर्ने, क्षतिग्रस्त भौतिक संरचनाहरुको वर्गीकरण र पुनर्निर्माणको लागि प्राथमिकीकरण गर्ने ।

४. भौतिक एवं सामाजिक पूर्वाधारहरुको पुनर्निर्माणका लागि बार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गराउने ।

५. कार्यक्रमहरुको अनुगमन गरी मूल्यांकन गर्ने गराउने ।

६. भौतिक एवं सामाजिक पूर्वाधारहरुको निर्माण तथा पुनर्निर्माणका लागि स्रोत व्यवस्थापनका लागि दातृ राष्ट्र एवं निकाय, संघ, संस्थासंग समन्वय गर्ने ।

७. कार्यक्रम संचालनमा देखापरेका समस्याहरु समाधान गर्ने गराउने ।

८. भौतिक एवं सामाजिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी कार्यक्रमहरुको अन्तर

मन्त्रालयगत समन्वय गर्ने ।

९. योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन, मूल्यांकनका सन्दर्भमा अन्तर महाशाखा एवं कार्यान्वयन गर्ने निकायबीच समन्वय गर्ने ।

१०. शान्ति कोष अन्तर्गतका सामाजिक एवं भौतिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी कार्यक्रमहरुको नीति तर्जुमा गरी समन्वय गर्ने ।

११. मातहत शाखाहरुको तोकिए वमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

### १.३.१ *भौतिक पुर्वाधार पुनर्निर्माण शाखाको कार्यविवरण*

१. द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको अभिलेख राख्ने र अध्यावधिक गर्ने गराउने ।

२. द्वन्द्वोत्तरकालीन पूर्वाधार पुनर्निर्माणका लागि तत्कालिन एवं दीर्घकालिन नीति, रणनीति तथा कार्ययोजना तयार गर्ने र सो को कार्यान्वयनको अनुगमन गर्ने ।

३. पुनर्निर्माण गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरणका साथै बार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने ।

४. पुनर्निर्माणका लागि बनेका नीति तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अन्तरमन्त्रालय समन्वय गर्ने ।

५. मन्त्रालय मार्फत विभिन्न कार्यान्वयन निकायबाट संचालन हुने पुनर्निर्माण आयोजनाहरुको अनुगमन मूल्यांकन गरी प्रतिवेदन तयार गर्ने ।

६. पुनर्निर्माण कार्यलाई दीगो र लागत प्रभावकारी बनाउन क्षतिग्रस्त विषयक्षेत्रगत पूर्वाधारहरुको भौगोलिक विविधताका आधारमा नमूना डिजाइन, नक्शा तथा लागत अनुमान तयार गरी सोही बमोजिम कार्यान्वयन गर्ने गराउने ।

७. पूर्वाधार पुनर्निर्माण सम्पन्न आयोजनाहरुको स्पष्ट अभिलेख राखी सम्बन्धित निकायहरुमा जानकारी गराउने ।

८. मन्त्रालय मार्फत संचालित भौतिक पूर्वाधार पुनर्निर्माण आयोजनाहरुको मासिक, चौमासिक एवं वार्षिक प्रगति विवरणहरु संकलन गरी एकीकृत प्रतिवेदन तयार गर्ने ।

९. शान्ति प्रवर्द्धनका लागि संचालित कार्यक्रमहरु ( जस्तै : नमूनावस्ती विकास कार्यक्रम, सहिद पार्क निर्माण, आरोग्य आश्रम आदि ) को योजना तर्जुमा, अनुगमन एवं मूल्यांकन गर्ने, गराउने ।

१०. महाशाखाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

११. शाखाका कर्मचारीहरुको तोकीए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

### १.३.२ *सामाजिक पुर्वाधार पूनर्निर्माण शाखाको कार्यविवरण*

१. आन्तरिक रुपमा विस्थापितहरुको पुनःस्थापनको लागि सह-जीवन बसोबासको व्यवस्थाका साथै द्वन्द्वपीडित क्षेत्रको सामाजिक आर्थिक विकासको लागि नमूनावस्ती विकास सम्बन्धी नीति र कार्ययोजना तयार गरी पेश गर्ने ।

२. समाजमा दिगो शान्ति र मेलमिलापको वातावरण सृजना गर्ने कार्यक्रमहरु संचालन गर्न आवश्यक नीति, कार्यनीति, रणनीति एवं कार्ययोजना तयार गर्ने ।

३. शान्ति र लोकतन्त्रको संस्थागत विकासका लागि जनचेतना अभिबृध्दि गर्ने कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

४. द्वन्द्व प्रभावित महिला, वालवालिका तथा जेष्ठ नागरिकहरुको सशक्तिकरण र विकासका लागि नीति, कार्यनीति, रणनीति एवं कार्ययोजना तयार गर्ने ।

५. लोकतन्त्रको संस्थागत विकास तथा शान्तिका लागि योगदान दिने व्यक्तिहरुलाई सम्मान एवं पुरस्कृत गर्ने कार्यक्रमहरु संचालन गर्ने गराउने ।

६. शान्ति प्रवर्ध्दनका लागि शान्ति स्मारक, तथा शहिद पार्कहरुको निर्माण एवं व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गर्ने ।

७. द्वन्द्वपीडितहरुको लागि आरोग्य आश्रम, आन्तरिक रुपमा विस्थापितहरुको लागि सह-जीवन बसोबास केन्द्रहरुको निर्माण-पुनर्निर्माण पश्चातको व्यवस्थापन, हस्तान्तरण सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने गराउने ।

८. शिपमूलक तालिम, दक्षता तथा क्षमता अभिबृध्दि सम्बन्धी नीति, कार्यनीति, रणनीति एवं कार्ययोजना तयार गर्ने ।

९. नमुनावस्तीहरुमा सञ्चालन गरिने लघुवित्त, सामाजिक सुरक्षा कवच तथा अन्य सामाजिक तथा जनचेतना सम्बन्धी कार्य सञ्चालन गर्ने गराउने ।

१०. सामाजिक विकास सम्बन्धी कार्यहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने गराउने ।

११. महाशाखाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

१२. शाखाका कर्मचारीहरुको तोकिए बमोजिमका प्रशासनिक कार्य गर्ने ।

### १.४ **राहत तथा पूनःस्थापन महाशाखाको कार्यविवरणः**

१. द्वन्द्वबाट पीडित, विस्थापित तथा द्वन्द्वबाट प्रत्यक्ष रुपमा प्रभावित भएकाहरुको पुनःस्थापन सम्बन्धी नीति, रणनीति तथा कार्यक्रम तयार गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

२. द्वन्द्वका घाउहरुको दीर्घकालिन समन (Healing) का लागि पुनःस्थापन (Rehabilitation) तथा पुनसामाजिकीकरण (Reconciliation) का माध्यमहरुको पहिचान सहितका नीति, रणनीति तर्जुमा गर्ने,

३. द्वन्द्वपीडित व्यक्ति-परिवार तथा संरचनाको वर्गीकरण अनुसारको तथ्यांक अद्यावधिक राख्ने, राख्न लगाउने,

४. द्वन्द्वपीडित तथा द्वन्द्व प्रभावित व्यक्ति-परिवारको आवश्यकताको पहिचान र सो सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, गराउने,

५. द्वन्द्वपीडितहरुको क्षमता विकासको लागि सीप विकास सम्बन्धि तालिम र आय-आर्जनका विविध कार्यक्रमहरुको तर्जूमा गरी कार्यान्वयनको कार्ययोजना तयार गर्ने गराउने ।

६. द्वन्द्वपीडित व्यक्तिहरुको पुनःस्थापन तथा पुनर्सामाजिकीकरणका लागि दीर्घकालीन नीति तयार गर्ने । सो को आधारमा राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, निर्देशिका र कार्यविधि तयार गर्ने,

७. आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउने एवं उनीहरुको पुनःस्थापन कार्यको अनुगमन र अभिलेखन गर्ने, गराउने,

८. जनआन्दोलनका पीडितहरु, बारुदी सुरुङको विष्फोट एवं विस्तृत शान्ति सम्झौता पश्चात घटित घटनाबाट पीडितहरुलाई आर्थिक सहायता उपलब्ध गराउने विषयहरु,

९. द्वन्द्वको अवधिमा मानव अधिकारको गम्भीर उल्लंघनबाट पीडितहरुको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग तथा अदालतबाट प्राप्त निर्देशन अनुसारका कार्य,

१०. सशस्त्र द्वन्द्वको क्रममा मानसिक रुपले गम्भीर आघात पुगी पीडित भएकाहरुका लागि मनो-सामाजिक परामर्श र उपचार (psycho-social counseling and healing) सम्बन्धी विषय र यस सम्बन्धमा सरकारी निकाय निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने,

११. जनआन्दोलन र द्वन्द्वका मृतक एवं घाइतेका आश्रितहरुलाई मासिक वृत्ति, आर्थिक सहायता र बालबालिकालाई छात्रवृत्ति एवं अपहरणमा परेका व्यक्तिलाई आर्थिक सहायता सम्बन्धी विषय,

१२. पीडितहरुलाई कानूनी सहायता, घाइते एवं अपांगहरुको उपचार उनिहरुको सुरक्षार्थ आवश्यक समन्वय, मार्गदर्शन र सहयोग सम्बन्धी कार्यक्रम र कार्ययोजना,

१३. सरकारी, गैरसरकारी संस्था र निजी क्षेत्र समेतको साझेदारीमा द्वन्द्वपीडित एवं विस्थापितहरुको पुनःस्थापनलाई दिगो र सुनिश्चित गर्नका लागि सामाजिक/सांस्कृतिक सद्भाव, शान्ति, एकता र मेलमिलापलाई प्रोत्साहित गर्ने कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,

१४. दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रक्रियागत एवं प्राविधिक विषयहरु,

१५. विस्तृत शान्ति सम्झौता लगायत अन्य सम्झौता, सहमतिहरुको महाशाखा सम्बन्धी विषयको कार्यान्वयन गर्ने, गराउने ।

१६. मातहत शाखाका कर्मचारीहरुको तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

### १.४.१ *पुनःस्थापन शाखा*

१. द्वन्द्वपीडित तथा द्वन्द्व प्रभावित व्यक्ति-परिवारको आवश्यकताको पहिचान र सो सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, गराउने,

२. द्वन्द्वपीडितहरुको क्षमता विकासको लागि सीप विकास सम्बन्धी तालिम र आय-आर्जनका विविध कार्यक्रमहरुको तर्जूमा गरी कार्यान्वयनको कार्ययोजना तयार गर्ने गराउने ।

३. द्वन्द्वका घाउहरुको दीर्घकालीन समन (उपचार) का लागि पुनःस्थापन, पुनर्सामाजिकीकरणका माध्यमहरुको पहिचान सहितका नीति, रणनीतिको तर्जुमा गरी पेश गर्ने ।

४. द्वन्द्वपीडित मध्ये गम्भीर मानसिक आघात पुगी पीडित भएकाहरुका लागि मनोसामाजिक परामर्श सेवा र पीडा समनका कार्यक्रम संचालन गर्न सरकारी निकाय र गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्यका लागि कार्ययोजना तयार गरी पेश गर्ने ।

५. आन्तरिक रुपमा विस्थापितहरुलाई फिर्ति पछि उनीहरुको सुरक्षा र असहाय द्वन्द्वपीडितहरुलाई कानूनी सहायताको निमित्त समन्वय र सहयोग सम्बन्धी कार्ययोजना तर्जूमा गर्ने ।

६. पुनःस्थापन सम्बन्धी वार्षिक कार्यक्रम र क्रियाकलापको तर्जुमा गरी पेश गर्ने ।

७. पुनःस्थापन कार्यक्रमहरुको दिगोपनाको लागि सामाजिक साँस्कृतिक सद्‌भाव, शान्ति, एकता र मेलमिलापलाई प्रोत्साहित गर्ने कार्यक्रमहरुको निर्माण र कार्यान्वयनको कार्य योजना बनाई पेश गर्ने ।

८. द्वन्द्वको अवधिमा मानव अधिकारको गम्भीर उल्लंघनबाट पीडितहरुको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग तथा अदालतबाट प्राप्त निर्देशनहरुको सम्बन्धमा राय सहित पेश गर्ने ।

९. द्वन्द्वपीडित एवं आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको पुनःस्थापन कार्यको अनुगमन गरी प्रतिवेदन गर्ने ।

१०. मातहतका कर्मचारीहरुको  तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

### १.४.२ *राहत तथा तथ्यांक शाखा*

१. द्वन्द्वपीडित व्यक्ति परिवार तथा संरचनाको वर्गीकरण अनुसारको तथ्यांक अद्यावधिक राख्ने,

२. द्वन्द्वपीडित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन कार्यदलका प्रतिवेदनहरु सुरक्षित राख्ने,

३. द्वन्द्वपीडित एवं आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको राहत तथा आर्थिक सहायता सम्बन्धी नीति, मापदण्ड, निर्देशिका एवं कार्यविधिको तर्जुमा गरी पेश गर्ने ।

४. द्वन्द्वको क्रममा जीवन गुमाएका, अपहरण वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई वितरित आर्थिक सहायता, द्वन्द्वको कारणबाट भएको व्यक्तिगत सम्पत्ति क्षति वापत वितरित राहत सहयोग, द्वन्द्वका क्रममा अपांग भएकाहरुलाई उपलब्ध गराइएको आर्थिक सहायता र अपांग बालबालीका तथा अपांग व्यक्तिका छोराछोरीलाई वितरित छात्रवृत्ति, जनआन्दोलनका सहिद तथा घाइतेका परिवारलाई जीवन निर्वाह भत्ता तथा छात्रवृत्ति तथा बारुदी सुरुङ विष्फोटबाट पीडित एवं अन्य राहत वितरण सम्बन्धी अद्यावधिक अभिलेख राख्ने ।

५. सशस्त्र द्वन्द्वकालका पीडितहरु मध्ये राहत तथा आर्थिक सहायता उपलब्ध गराउन बाँकी द्वन्द्वपीडित एवं विस्थापितहरुलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा सो को कार्ययोजना बनाई पेश गर्ने ।

६. जोखिममा रहेका द्वन्द्वपीडितहरुलाई तत्काल राहत तथा आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यक्रम र सोको कार्यान्वयनको कार्ययोजना बनाउने ।

७. द्वन्द्वपीडित व्यक्तिहरुलाई वितरित राहत तथा आर्थिक सहायताको प्रभावकारीताको अनुगमन गरी प्रतिवेदन गर्ने ।

८. द्वन्द्वपीडित व्यक्ति एवं परिवारको गुनासो एवं सुझाव ग्रहण तथा सो सम्बन्धमा सम्बोधन गर्न सकिने विषयमा रायसाथ पेश गर्ने ।

९. वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी पेश गर्ने ।

१०. आवधिक प्रगति प्रतिवेदन तयार गर्ने

११. शाखाका कर्मचारीहरुको तोकिए बमोजिमको प्रशासनिक कार्यहरु गर्ने ।

## १.५ कानुन तथा सञ्चार महाशाखा

१. प्रचलित कानून, सम्झौता तथा सहमतिले तय गरे बमोजिमका शान्ति संयन्त्रहरुको लागि आवश्यक कानून मस्यौदा गर्ने,

२. मानव अधिकारको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी आवश्यक कार्यहरु गर्ने,

३. विभिन्न मानव अधिकार संघ संगठनहरुबाट प्राप्त सुझाव, सिफारिस एवं प्रतिवेदनहरुको कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

४. शान्ति संयन्त्रहरुबाट प्राप्त हुने सुझावहरु र नेपाल स्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय तथा राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सुझाव, सिफारिश र प्रतिवेदन कार्यान्वयन गर्ने गराउने,

५. नेपाल पक्ष भएको शान्ति र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन सम्बन्धमा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,

६. शान्ति प्रक्रिया, द्वन्द्व व्यवस्थापन, पुनःस्थापन, पुनर्निर्माण, संक्रमणकालीन न्याय जस्ता विषयमा पर्याप्त श्रोत र अध्ययन सामग्रीको व्यवस्था गर्ने,

७. मुलुकमा दिगो शान्ति स्थापनाका लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा भएका अध्ययन प्रतिवेदनहरुको संग्रह (Depositary Centre) गर्ने, प्राविधिज्ञहरु सहितको स्रोत केन्द्र (Resource Centre) र पुस्तकालयको विकास तथा संचालन गर्ने,

८. शान्ति सञ्चार अभियान, प्रचार प्रसार र सूचना सम्बन्धी कार्यक्रम संचालन गर्ने, सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शान्ति संचार, प्रचार प्रसार तथा प्रवर्द्धन सम्बन्धी कार्यमा समन्वय र एकरुपता ल्याउने,

९. शान्ति प्रक्रिया र वार्ताका सम्बन्धमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमबीच सूचना आदान प्रदान गर्ने,

१०. मन्त्रालयको हित र सरोकार सम्बन्धी विषयमा मन्त्रालयको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने,

११. मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयमा कानूनी राय दिने,

१२. द्वन्द्व सिर्जना गर्ने खालका विद्यमान कानूनी प्रावधानहरुको अध्ययन गरी सुधारका लागि आवश्यक पहल गर्ने,

१३. द्वन्द्व, शान्ति तथा संक्रमणकालीन न्याय लगायतका शान्ति प्रक्रियासँग सम्बन्धित विविध विषयका विज्ञहरुको सूची (Roster) तयार गर्ने र

१४. मन्त्रालयको Web Site अध्यावधिक गर्ने,

१५. मन्त्रालयको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

१६. मातहतका शाखाहरुको तोकिएबमोजिमको प्रशासनिक कार्यहरु गर्ने ।

### १.५.१ *कानुन तथा मानव अधिकार शाखा*

१. द्वन्द्व सिर्जना गर्ने खालका कानूनी प्रावधानहरुको अध्ययन गरी आवश्यक सुधारका लागि मस्यौदा तयार गर्ने,

२. मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयमा कानूनी राय दिने,

३. मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरुको कार्यान्वयनका सम्बन्धमा आवश्यक कार्य गर्ने,

४. मन्त्रालयको हित र सरोकार सम्बन्धी विषयमा मन्त्रालयको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने,

५. शान्ति संयन्त्र, शान्ति प्रक्रिया, द्वन्द्व व्यवस्थापन एवं रुपान्तरण लगायत संक्रमणकालीन न्यायका लागि आवश्यक कानून मस्यौदा गर्ने,

६. मन्त्रालयलाई आवश्यक पर्ने कानूनी लिखतहरुको मस्यौदा गर्ने,

७. मानव अधिकार प्रवर्द्धनसम्बन्धी कार्य गर्ने र समय-समयमा हुने सामाजिक असन्तोष, विद्रोह र युद्धबाट मानव अधिकारको प्रयोग र प्रवर्द्धनमा पर्ने प्रभावको अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन गर्ने,

८. विभिन्न मानव अधिकार संघ संगठनहरुबाट प्राप्त सुझाव, सिफारिस एवं प्रतिवेदनहरुको कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

९. संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय तथा राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुने शान्ति प्रक्रियासंग सम्बन्धित सुझाव, सिफारिश एवं प्रतिवेदनहरुको कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

१०. नेपाल पक्ष भएको शान्ति र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन सम्बन्धमा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,

११. मातहतका कर्मचारीको तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

### १.५.२ *सुचना, सञ्चार तथा जनसम्पर्क शाखा*

१. शान्ति प्रक्रियाका बाधकको रुपमा समाजमा रहेका भेदभाव र असमानता हटाउन समन्वयात्मक रुपमा जनजागरण र प्रचार प्रसारका कार्यक्रम सञ्चालन गर्ने,

२. शान्ति प्रवर्द्धन कार्यका लागि पर्चा, पम्प्लेट, पोष्टर, रेडियो, टेलिभिजन-संवाद, अडियो, भिडियो जस्ता सामग्रीहरुको उत्पादन तथा आम सञ्चार माध्यमद्वारा प्रचार-प्रसार गर्ने गराउने,

शान्ति प्रक्रियाका सन्दर्भमा रेडियो नेपाल तथा एफ.एम. हरुबाट प्रसारण भइरहेका सन्देशहरुको प्रभावको मूल्यांकन गर्ने,

३. शान्ति प्रक्रियामा सहयोग पुग्ने विषयका सूचना व्यवस्थापन गर्ने,

४. शान्ति प्रवर्द्धन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शान्ति प्रवर्द्धन कार्यक्रमहरुमा समन्वय र एकरुपता कायम गर्न आवश्यक कार्य गर्ने गराउने,

५. दिगो शान्तिका लागि शान्ति संचार अभियान कार्यक्रम संचालन गर्ने,

६. शान्ति र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सूचना, अध्ययन सामग्री एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका पुस्तक, जरनल तथा अध्ययन प्रतिवेदनहरुको संग्रह गर्ने, प्रविधिज्ञहरु सहितको श्रोत केन्द्र तथा पुस्तकालय व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

७. शान्ति, द्वन्द तथा संक्रमणकालीन न्याय लगायत शान्ति प्रक्रियासँग सम्बन्धित विषयका विज्ञहरुको Roster तयार गरी अद्यावधिक गरी राख्ने,

८. मन्त्रालयका प्रकाशनहरुको सम्पादन र व्यवस्थापन गर्ने,

९. शान्ति सञ्चार अभियान कार्यक्रम संचालन गर्ने

१०. शान्ति र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सरकारको स्रोत केन्द्रको रुपमा कार्य गर्ने र श्रोत केन्द्र विकास सम्बन्धी कार्य संचालन गर्ने,

११. शान्ति स्थापना कार्यमा भएका प्रगतिहरुको सम्बन्धमा जनतालाई सु-सूचित गराउने,

१२. शान्ति प्रक्रियामा स्थानीय जनसहभागिता जुटाउने,

१३. शान्ति प्रक्रिया र वार्ताका पक्षहरुमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुबीच सूचना आदान-प्रदान गर्ने,

१४. मन्त्रालयको Web Site अध्यावधिक गर्ने,

१५. मन्त्रालयको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

१६. मातहतका कर्मचारीको तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने,

## १.६ शान्ति संयन्त्र समन्वय महाशाखा

१. शान्ति प्रक्रियालाई दीगो र स्थायी बनाउन गठन गरिने विभिन्न आयोग, समिति बीच समन्वय गर्ने ।

२. गठन गरिएका आयोग एवं समितिहरुको लागि आबश्यक साधन स्रोत एवं जनशक्ति व्यवस्थापन गर्ने,

३. दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रक्रियागत एवं प्राविधिक कार्यहरु गर्ने,

४. शान्ति संयन्त्रहरुबाट प्राप्त सम्बन्धित राय सुझाव कार्यान्वयन गर्ने,

५. सत्य निरुपण तथा मेलमिलाप आयोग, राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, बेपत्ता नागरिक छानबीन आयोग र अन्य आयोग तथा समितिहरु सम्बन्धी समन्वयात्मक कार्य गर्ने,

६. द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणको लागि शान्ति प्रक्रियालाई स्थानीय तहबाटै संस्थागत गर्दै लैजान स्थानीय शान्ति समितिहरुको गठन, संचालन, परिचालन एवं समन्वय सम्बन्धी कार्यहरु गर्ने,

७. द्वन्द्व र शान्ति प्रक्रियाका सम्बन्धमा शान्ति संयन्त्रको लागि आबश्यक पर्ने जनशक्ति जुटाउन तालिम, पूनर्ताजगी तालिम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीमहरुको योजना र व्यवस्थापन गर्ने ।

८. मातहतका शाखाहरुको तोकिए बमोजिमको प्रशासनिक कार्यहरु गर्ने,

१.६.१ *आयोग तथा समिति समन्वय शाखा*

१. विस्तृत शान्ति सम्झौता तथा राष्ट्रियस्तरमा भएका अन्य सहमति, समझदारीहरुमा व्यवस्था भए अनुसार गठन हुने शान्तिसम्बन्धी संरचनाहरुको गठनका लागि आवश्यक तयारी कार्यहरु गर्ने,

२. शान्ति स्थापनाका लागि गठन गरिने संयन्त्रहरुलाई आवश्यक सहयोग गर्ने,

३. शान्ति संयन्त्रहरुका लागि आवश्यक पर्ने निर्देशिका तथा कार्यबिधिहरु तर्जुमा गरी पेश गर्ने,

४. शान्ति संयन्त्रहरुबाट प्राप्त हुने राय सुझावहरु कार्यान्वयन गर्ने गराउने,

५. शान्ति सम्झौता कार्यान्वयन तथा अनुगमन सम्बन्धमा सो सम्झौतामा व्यवस्था भए अनुसार नेपालस्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय र नेपालका लागि संयुक्त राष्ट्र संघीय मिशनबाट प्राप्त सुझाव, सिफारिश र प्रतिवेदन कार्यान्वयन गर्ने गराउने,

६. शान्ति संयन्त्रहरुको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय र सहयोग गर्ने,

७. सत्य निरुपण तथा मेलमिलाप आयोग, राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, बेपत्ता नागरिक छानबीन आयोग, उच्चस्तरीय अनुगमन समिति र अन्य आयोग तथा समितिहरु सम्बन्धित कार्य गर्ने,

८. मातहतका कर्मचारीको तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने,

९. अस्थायी शिविर सम्बन्धी संयन्त्रहरुमा आवश्यक समन्वयको व्यवस्था मिलाउने र प्रतिवेदन गर्ने,

१.६.२ *स्थानीय शान्ति समिति समन्वय शाखा*

१. स्थानीय शान्ति समितिहरु गठन गर्न आबश्यक तयारी कार्यहरु गर्न सघाउ पुऱ्याउने र स्थानीय शान्ति समितिको काम कारवाहीमा सहयोग गर्ने,

२. स्थानीय शान्ति समितिलाई आवश्यक बजेट, कार्यक्रमजन्य जनशक्ति, भौतिक साधनहरु र प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने,

३. स्थानीय शान्ति समितिले गरेका निर्णयहरुको कार्यान्वयनमा सहयोग जुटाउन पहल गर्ने,

४. स्थानीय शान्ति समितिको कार्य सन्चालनमा आईपर्ने कठिनाईहरु हटाउन आवश्यक काम कारवाही गर्ने,

५. स्थानीय शान्ति समितिमा रहेका जनशक्तिको सीप विकास र क्षमता अभिबृद्धिकोलागि आवश्यक कार्ययोजना र कार्यक्रम तयार गरी पेश गर्ने,

६. स्थानीयस्तरमा शान्ति प्रक्रियालाई सहयोग पुग्ने किसिमका तालिम, गोष्ठि, सभा सम्मेलन आदिको आयोजना एवं संचालन गर्ने गराउने,

७.	द्वन्द्व र शान्ति प्रक्रियाका सम्बन्धमा स्थानीय संयन्त्रको लागि आबश्यक पर्ने दक्ष जनशक्ति जुटाउन तालिम, पुनर्ताजगी तालिम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालिमहरुको योजना र व्यवस्थापन गर्ने,

८.	स्थानीयस्तरमा वार्ता र सम्झौताका सीप विकास गर्ने योजना, रणनीति र कार्यक्रम तयार गरी सन्चालन गर्ने, र

९.	मातहतका कर्मचारीको तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

# शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यविभाजन
## (प्रस्तावित)

१) दिगो शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापन
   - क) नीति, रणनीति योजना तथा कार्यक्रम तर्जुमा
   - ख) ऐन कानून
   - ग) कार्यान्वयन, अनुगमन तथा मूल्यांकन
   - घ) क्षेत्रगत निकाय तथा विषयसँगको समन्वय

२) दिगो शान्तिका लागि संस्थागत, प्रक्रियागत तथा प्राविधिक विषय

३) द्वन्द्व पीडित क्षेत्र तथा द्वन्द्व प्रभावित व्यक्ति एवं परिवार
   - क) राहत, पुनःस्थापना, पुनःएकीकरण
   - ख) आर्थिक तथा सामाजिक विकास
   - ग) सामाजिक पुनर्निर्माण
   - घ) द्वन्द्वका कारण आन्तरिक रुपमा विस्थापित व्यक्ति तथा परिवार

४) पुनर्निर्माण तथा पुनस्थापना
   - क) द्वन्द्वको क्रममा नष्ट भएका भौतिक संरचनाको पुनर्निर्माण
   - ख) द्वन्द्व एवं शान्तिसँग सम्वन्धित भौतिक संरचनाको पुनःस्थाना
   - ग) शान्ति स्मारक, शान्ति पार्क, शान्ति स्तम्भ, शान्तिद्वार तथा शान्ति वाटिका
   - घ) नमुना बस्ती, सह-जीवन बसोबास ।

५) शान्ति वार्ता तथा सम्झौता
   - क) शान्ति वार्ता
   - ख) शान्ति सम्झौता, सहमति, समझदारी तथा निर्णय
   - ग) शान्ति सम्झौताको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

६) शान्ति संयन्त्र स्थापना संचालन तथा परिचालन
   - क) सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता नागरिक छानवीन आयोग, राष्ट्रिय शान्ति तथा पुनस्थापन आयोग, उच्चस्तरीय अनुगमन समिति लगायत शान्ति एवं द्वन्द्व रुपान्तरणसँग सम्वन्धित आयोग, विशेष समिति, समिति, संयन्त्र ।
   - ख) स्थानीय शान्ति समिति तथा स्थानीय स्तरका अन्य शान्ति संयन्त्र
   - ग) शान्ति सम्पर्क बिन्दु ।

७) द्वन्द्व व्यवस्थापन, शान्ति प्रक्रिया तथा संक्रमणकालीन अवस्थाको व्यवस्थापन,

८) विद्रोही पक्षको लडाकुहरुको शिविर व्यवस्थापन,

९) शान्ति स्थापना, द्वन्द्व संवेदनशील प्रणाली र संक्रमणकालीन व्यवस्थापन सम्वन्धी अध्ययन, अनुसन्धान

१०) शान्ति तथा द्वन्द्व व्यवस्थापन समवन्धी सूचना व्यवस्थापन, अभिलेख र श्रोत केन्द्र

११) शान्ति कोष

१२)  शान्ति स्थापना र द्वन्द्व व्यवस्थापन सम्वन्धमा सरकारी गैरसरकारी, नागरिक समाज, व्यवसायिक एव प्राज्ञिक क्षेत्र तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय एवं राष्ट्रिय सम्पर्क बिन्दु ।
१३)  द्वन्द्वोत्तरकालीन नीति, कार्यक्रम, कार्यान्वयन तथा अनुगमन
१४)  वारुदी सुरुङ्गको निवारण
१५)  शान्ति प्रवर्द्धनका लागि शान्ति  शिक्षा तथा संचार
१६)  शान्ति तथा द्वन्द्व व्यवस्थापन सम्वन्धी जनशक्ति विकास
१७)  शान्ति प्रकृयामा समावेशीकरण तथा लैङ्गिक मूलप्रवाहिकरण
१८)  नेपाल स्थित संयुक्त राष्ट्र संघको मिशन (अनमिन) सँग सम्पर्क ।

# संगठन तालिका

अनुसूची १

